लिसंखु पाखर गाउँपालिकाद्धारा प्रकाशित

## भाग-१

# लिसंखु पाखर गाउँपालिका सिन्धुपाल्चोक

## बागमती प्रदेश,नेपाल

## व्यवसायिक तरकारी विकास कार्यक्रम संञ्चालन कार्यविधि
## २०७९

**कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/१२/१४**

# लिसंखु पाखर गाउँपालिकाको व्यवसायिक तरकारी विकास कार्यक्रम संञ्चालन कार्यविधि २०७९

**प्रस्तावना :**

लिसंखु पाखर गाउँपालिकाका कृषकहरुलाई कृषि पेशा तर्फ आर्कर्षित गरी गाउँपालिकालाई कृषिमा आत्मनिर्भर तथा सामान्य बालीहरुलाई निर्यात गर्न सक्ने अवस्थामा पुर्याउन कृषक लक्षित कृयाकलापको माध्यमबाट कृषि सम्बन्धी विभिन्न कार्यक्रम कार्यान्वयनलाइ सहज बनाउन वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २१८ ले दिएको अधिकारको प्रयोग गरी र स्थानीय सरकार कार्यसंञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम लिसंखु पाखर गाउँपालिका गाउँकार्यपालिकाले लिसंखु पाखर गाउँपालिकाको व्यवसायिक तरकारी विकास कार्यक्रम संञ्चालन कार्यविधि २०७९ बनाएको छ ।

## परिच्छेद १ प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम लिसंखु पाखर गाउँपालिकाको व्यवसायिक तरकारी विकास कार्यक्रम संञ्चालन कार्यविधि २०७९ रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२) परिभाषाः** विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधि बमोजिम ।

क) **"अध्यक्ष"** भन्नाले लिसंखु पाखर गाउँपालिकाको अध्यक्ष सम्भन्नु पर्दछ ।

ख) **"उपाध्यक्ष"** भन्नाले लिसंखु पाखर गाउँपालिकाको उपाध्यक्ष सम्भन्नु पर्दछ ।

ग) **"कार्यालय"** भन्नाले अनुदान प्रवाह गर्ने निकाय वा लिसंखु पाखर गाउँ कार्यपालिकाको कार्यालय सम्भन्नु पर्दछ ।

घ) **"गाउँपालिका"** भन्नाले लिसंखु पाखर गाउँपालिकालाई सम्भन्नु पर्दछ ।

ङ) **"पहिलो पक्ष"** भन्नाले लिसंखु पाखर गाउँपालिकालाई सम्भन्नु पर्दछ ।

च) **"दोस्रो पक्ष"** भन्नाले कृषक/कृषि तथा कृषक समूह ,सहकारी, निजी फार्म वा अनुदानग्राही सम्भन्नु पर्दछ ।

छ) **“अनुदानग्राही”** भन्नाले ब्यवसायिक रुपमा सामूहिक तथा ब्यक्तिगत रुपमा ब्यवसायिक तरकारी खेती विकास कार्यक्रम कार्यालयबाट अनुदान लिने कृषक, कृषक समुह, सहकारी, निजी फार्म तथा कृषि उघमीलाई सम्झनु पर्दछ ।

ज) **“कार्यक्रम”** भन्नाले गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने ब्यवसायिक तरकारीबाली विकास कार्यक्रम वा माग र सम्भाब्यताको आधारमा आवश्यक कृषि सामाग्री सहुलियत दरमा वितरण गर्ने कार्यक्रम सम्झनु पर्दछ ।

झ) **“प्रस्ताव”** भन्नाले कार्यक्रममा उल्लेख कार्य गर्नको लागि अनुदानग्राहीले पेश गरेको विस्तृत कार्ययोजना सहितको विवरणलाई सम्झनु पर्दछ ।

ञ) **“सेवाग्राही”** भन्नाले कृषि प्रर्वद्धनको लागि कार्यालयको लागि अनुदान सहयोग लिने अनुदानग्राही तथा पोषण सुधारको लागि कार्यालयबाट कृषिजन्य सहुलियत प्राप्त गर्नें कृषकलाई सम्झनु पर्दछ ।

ट) **“वडा”** भन्नाले लिसंखु पाखर गाउँपालिका भित्रका सबै वडा कार्यालयलाई सम्झनु पर्दछ ।

ठ) **“सहकारी”** भन्नाले कृषि ब्यवसायमा प्रवर्द्धनमा टेवा पुऱ्याउने किसान सहकारी , निजी फर्म , कृषि सहकारी , दुग्ध सहकारी , चिया कफी सहकारी लगायतका सहकारीलाई सम्झनु पर्दछ ।

ड) **“कृषि सामाग्री”** भन्नाले खाद्यान्न, तेलहन , दलहन , मसलाबाली , नगदेबाली तथा तरकारी बाली, बिउँ , बिरुवा प्लाष्टिक टनेल, सिँचाई पाईप , सिँचाई मोटर , पम्पसेट , मेसिनरी औजार,जैविक मल, च्याउ विउँ विषदी लगायत कृषि प्रवर्द्धनमा सहयोग पुऱ्याउने सामाग्रीलाई सम्झनु पर्दछ ।

ढ) **“ब्यवसायिक तरकारी खेती”** भन्नाले प्रत्येक किसानले न्युनतम ३ रोपनी क्षेत्रफलमा लगइएको तरकारी वालीलाई सम्झनु पर्दछ ।

## परिच्छेद २ कार्यक्रमको संक्षिप्त विवरण

### ३) कार्यक्रमको परिचयः

कृषि विभाग र आलु तरकारी तथा मसला बाली विकास कार्यक्रम अर्न्तगत सशर्त वितीय हस्तान्तरण मार्फत स्थानीय तहबाट संचालन गरिने प्याज गानो उत्पादन कार्यक्रम, व्यवसायिक/आधुनिक तरकारी खेती कार्यक्रम, लागत सहभागितामा, कौशी खेती प्रवर्द्धन कार्यक्रम, लागत सहभागितामा व्यवसायिक तरकारी उत्पादन कार्यक्रम, तरकारी खेती प्रवर्द्धन कार्यक्रम,पहरी,चेपाङ,दलित,माझी,बराम,दराई,दलीत र कुमाइ लगायत सीमान्तकृत समुदायको लागि आयआर्जन कार्यक्रम, उन्नत आलु खेती प्रवर्द्धन कार्यक्रम, लागत सहभागितामा तरकारी/फलफुल नर्सरी स्थापना कार्यक्रमको प्रभावकारीता कार्यान्वयनका लागि यो कार्यक्रम संञ्चालन गर्न आवश्यक देखिएको छ ।

**३.१ लक्ष्य/उदेश्य :** यस कार्यक्रम संचालनको उदेश्य देहाय बमोजिम रहेको छ ।

क) आलु,तरकारी र मसला बालीको उत्पादन र उत्पादकत्व बढाउने ।

ख) पहरी, माझी, दलीत लगायत सीमान्तकृत समुदायलाई तरकारी खेतीमा आकर्षित गरी आयआर्जन मार्फत जीवन स्तर उकास्न सहयोग पुर्याउने ।

**३.२ लक्षित समुह :** व्यवसायिक तरकारी खेती गर्ने कृषक, बैदेशिक रोजगारबाट फर्किएका युवा, महिला, न्युन आय भएका कृषक, माझी, पहरी, दलित लगायत सीमान्तकृत समुदाय यस कार्यक्रममा सहभागी हुन सक्नेछन्।

**३.३ कार्यक्रम संचालन हुने स्थान :** लिसंखु पाखर गाउँपालिका भित्र यो कार्यक्रम लागु हुनेछ ।

**३.४ अपेक्षित उपलब्धि :** यस कार्यक्रम संचालनबाट देहाय बमोजिमको प्रतिफल हासिल हुनेछ ।

क) व्यवसायिक तरकारी खेती कार्यक्रम/ आधुनिक तरकारी खेती कार्यक्रम/लागत सहभागितामा व्यवसायिक तरकारी उत्पादन कार्यक्रम करिब ४० हे क्षेत्रफलमा तरकारी खेती भई करिब ५.६० मे.टन मौसमी तथा बेमौसमी ताजा तरकारी उत्पादन हुनेछ।

ख) पहरी, दलित, माझी लगायत सीमान्तकृत समुदायमा करिब २५ हेक्टर क्षेत्रफलमा करिब ३५० मे.टन ताजा तरकारी उत्पादन गरी आयआर्जन मार्फत उक्त समुदायको जीवनस्तर सुधारमा सघाउ पुग्नेछ ।

ग) लागत सहभागितामा तरकारी नर्सरी स्थापना कार्यक्रम मार्फत ६०० वर्ग मिटर क्षेत्रफलमा आधुनिक नर्सरी निर्माण भई तरकारीको बर्ना उत्पादन सुरु हुनेछ ।

## ४) कार्यक्रमका आधारभूत पक्षहरु तथा संचालन हुने क्रियाकलापहरु :

**४.१ संचालन हुने क्रियाकलापहरु :** यस कार्यक्रम संचालन प्रकृया बमोजिम संचालन हुने क्रियाकलापहरु देहाय बामेजिम हुनेछ ।

**क) स्थलगत तालिम तथा अभिमुखिकरण कार्यक्रम :** कार्यक्रम संचालन गर्नुपुर्व क्लस्टरमा संलग्न कृषकहरुलाई सम्बन्धित कार्यक्रम सम्बन्धित आवश्यक जानकारी दिनको लागि स्थानीय तहले अभिमुखिकरण कार्यक्रम र स्थलगत तालिम संञ्चालन गर्नुपर्नेछ ।

**ख) बीउ खरिदमा सहयोग** : तरकारी/आलु उत्पादनको लागि उन्नत बीउ खरिदको लागि अनुदान दिईनेछ। बीउ आलुको व्यवस्थापन तथा खरिद कार्यमा अनुदान दिईने छ । बीउ आलुको व्यवस्थापन तथा खरिद कार्य अनुदानग्राही आफैले गर्नुपर्ने ।

**ग) यान्त्रीकरणमा सहयोग :** आलु/तरकारी उत्पादनमा यान्त्रीकरणको लागि मिनिटिलर,पावर टिलर,आलुको डयाङ, बनाउने मेसिन (उन्नत आलु उत्पादनको हकमा) पावर टिलर एटेचमेन्टहरु खरिदमा रकम उपलब्ध गराईनेछ । यन्त्रहरुको परिमाण बार्षिक कार्यक्रममा तोकिए बमोजिम हुनेछ । अनुदानग्राही आफैले यन्त्रहरु नियमानुसार खरिद गरिसकेपछि मात्र रकम भुक्तानी हुनेछ ।

**घ) आकस्मिक बाली संरक्षण सेवा :** आलु/तरकारी उत्पादन क्षेत्रमा विभिन्न रोग तथा किराबाट बालीलाई बचाउनको लागि आवश्यक बाली संरक्षण सामाग्री खरिद गरी प्रयोग गर्नको लागि रकम उपलब्ध गराईने छ ।

**ङ) प्लाष्टिक घर/नर्सरी निर्माण सहयोग :** तरकारी उत्पादन कार्यक्रम तथा तरकारी नर्सरी निर्माण कार्यक्रमका लागि बाँस/एम.एस./जी.आइको प्रयोग गरि प्लाष्टिक घर निर्माण गर्न सहयोग गरिनेछ । अनुदानग्राही आफैले उपकरणहरु खरिद गरि प्लास्टिक घर निर्माण गरिसकेपछि मात्र रकम भुक्तानी हुनेछ।

**च) जर्मिनेशन ट्रे/प्लाष्टिक गमला/थोपा सिचांई सहयोग :** कौसी खेती प्रवर्धन कार्यक्रमका लागि कौसीमा तरकारी उत्पादनका प्रयोग हुने उपकरणको लागि अनुदान रकम उपलब्ध गराईने छ । अनुदानग्राही आफैले उपकरणहरु खरिद गरिसकेपछि मात्र रकम भुक्तानी हुनेछ ।

**छ) साना सिंचाइ सहयोग :** तरकारी उत्पादन कार्यक्रमका लागि साना सिंचाई आयोजना निर्माण तथा मर्मतका लागि अनुदान रकम उपलब्ध गराईनेछ । अनुदानग्राही आफैले साना सिंचाई निर्माण वा मर्मत गरिसकेपछ मात्र रकम भुक्तानी हुनेछ ।

**ज) होडिङ्ग बोर्ड :** अनुदानग्राहीले तरकारी उत्पादन स्थलमा उत्पादन तथा अनुदान सम्बन्धी विवरण सहित होडिङ्ग बोर्ड राख्नुपर्नेछ ।

ञ)माथी उल्लेख भए अलवा कार्यान्वयन समितिले अत्यावश्यक ठानेका अन्य यथोचित क्रियाकलापहरु समावेश गर्न सक्नेछ तर बार बन्देज एवंम गैर उत्पादनमुलक क्रियाकलापमा बजेट खर्च गर्न पाईने छैन।

**४.२ कार्यक्रमका आधारभूत पक्षहरु :**

| कार्यक्रम | क्रियाकलापहरु |
|---|---|
| व्यवसायिक तरकारी खेती कार्यक्रम | न्यूनतम ३० जना कृषक छनोट गर्नुपर्ने(प्रत्येक कृषकले न्यूनतम ३ रोपनी क्षेत्रफलमा तरकारी उत्पादन गर्नुपर्ने।) |
| आधुनिक तरकारी खेती कार्यकम | न्यूनतम ३० जना कृषक छनोट गर्ने(प्रत्येक कृषकले न्यूनतम ३ रोपनी क्षेत्रफलमा तरकारी उत्पादन गर्नुपर्ने।) |
| लागत सहभागितामा तरकारी नर्सरी स्थापना कार्यकम | न्यूनतम २ वटा स्थायी प्लास्टिक नर्सरी स्थापना गर्ने (प्रत्येक स्थायी प्लास्टिक घरको क्षेत्रफल न्यूनतम १५० वर्गमिटर हुनुपर्ने।) |
| पहरी,दलित,माभ्ती, लगायत सीमान्तकृत समुदायको लागि आय आर्जन कार्यकम | एकल वा सामुहिक रुपमा कार्यकम संचालन गर्न सकिने र उत्पादन क्षेत्रफल स्थानीय तहले निर्धारण गर्ने । |
| लागत सहभागितामा तरकारी उत्पादन कार्यकम (सहकारी संस्था लि.मार्फत | न्यूनतम ४० जना कृषक छनोट गर्ने(प्रत्येक कृषकले न्यूनतम ३ रो.क्षेत्रफलमा तरकारी उत्पादन गर्नुपर्ने ।) |

## परिच्छेद ३ कार्यक्रम सञ्चालन विधि

### ५. कार्यक्रम संचालन विधि

### ५.१ माग संकलन

क) यस कार्यक्रम संचालन प्रकृया बमोजिम आलु,तरकारी तथा मसलाबाली विकास कार्यक्रममा सहभागी हुन बुदा नं.३.२ मा उल्लेखित योग्य आवेदकबाट माग संकलन गर्न स्थानीय तहले नियमानुसार सूचना प्रकाशन गर्नेछ ।

ख) बुदा नं.४.२ अनुसारको आधारभूत पक्षहरु बमोजिमको मापदण्ड पुरा गर्ने कृषक, कृषक समूह, सहकारी, निजी फार्म, सहकारीहरुले आवेदन गर्न योग्य हुनेछन ।

### ५.२ कार्यक्रम संचालन हुने क्षेत्र निर्धारण तथा लाभग्राही छनौट :

क) आलु तरकारी तथा मसलाबाली विकास कार्यक्रम अन्तर्गतका कियाकलाप कार्यान्वयनको लागि सम्बन्धित गाउँपालिकाले समिति गठन गर्नेछ । तर सम्बन्धित स्थानीय तहले कृषि सम्बन्धी कार्यक्रम संचालनको लागि समिति रहेको खण्डमा सोही समितिले कार्यक्रम संचालन गर्न सक्नेछ ।

ख) समितिले आवश्यकता अनुरुप विषयसंग सम्बन्धित पदाधिकारी,विषेशज्ञ,संघ एंव प्रदेश सरकारको जिल्लास्थित कार्यालय फार्म केन्द्रलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

ग) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

अ) माग संकलनको लागि १५ दिने सूचना आव्हान गर्ने मुल्याङकन तथा छनौटको आधारहरु तयार गर्ने ।

आ) कार्यक्रम कार्यान्वयनको लागि प्राविधिक लागत अनुमान तयार गर्ने ।

ई) प्राप्त निवेदनहरुको मुल्याङकन गरी अनुदानग्रही छनौट गर्ने ।

ई) छनौट भएका अनुदानग्राहीलाई उपलब्ध गराईने अनुदान रकम यकिन गर्ने र सम्झौताको लागि सिफारिस गर्ने ।

उ) सम्झौता अनुसारको विभिन्न चरणमा सम्पन्न भएका कार्यको अनुगमन तथा प्रमाणीकरण गर्ने ।

ऊ) अनुदान रकमको किस्ता अनुदानग्राहीलाई भुक्तानी गर्न सिफारिस गर्ने ।

ए) सम्झौता अनुसार कार्य प्रगति सन्तोषजनक नभएमा वा कार्य सम्पन्न गर्न नसक्ने देखिएमा अनुदान किस्ता रकम रद्ध गर्न वा अनुदान रद्ध गर्न सिफारिस गर्ने ।

ऐ) कार्यक्रम अनुगमन गरी पृष्ठपोषण गर्ने ।

घ) समितिको सचिवालयको कार्य सम्बन्धित स्थानीय तहको कृषि शाखा वा ईकाईले गर्नेछ ।

ङ) कार्यक्रम संचालन प्रकृया अनुरुप प्राप्त आवेदनहरुको मूल्याङकन,स्थलगत निरीक्षण,प्रमाणीकरण सिफारिस,संचालित क्लस्टरहरुको अनुगमन तथा भुक्तानी सिफारिस लगायतको कार्य गरी समितिको काममा सहयोग गर्न समितिले उपसमिति गठन गर्न सक्नेछ ।

च) उप समितिको काम कर्तव्य र अधिकार समितिले तोके बमोजिम हुनेछ ।

**५.३ अनुदान प्रवाह**

क) यस कार्यक्रम अन्तर्गतका क्रियाकलापको सहजीकरण सेवा तथा सुविधा (अनुदान सीमा) समितिले निर्णय गरे बमोजिम हुनेछ ।

ख) यस कार्यक्रम संचालन प्रक्रिया बमोजिम छनौट भएका अनुदानग्राहीले संचालन गर्नुपर्ने क्रियाकलाप सो को समयसारणी एंव अनुदानग्राहीले पालना गर्नुपर्ने शसर्त अनुदान रकम एंव भुक्तानी विधि उल्लेख गरी गाउँपालिकाले अनुदानग्राहीसंग सम्झौता गर्नेछ ।

ग) बुँदा (ख) बमोजिम हुने सम्झौता बमोजिम गाउँपालिकाले अनुदानग्राहीलाई अनुदान भुक्तानी गर्नेछ।

## परिच्छेद ४ भुमिका

### ६) कार्यक्रम सञ्चालनमा विभिन्न निकायको भुमिका

**६.१ संघीय सरकार**

क) कार्यक्रम संचालनको लागि प्रदेश एंव स्थानीय तहसँग समन्वय ।

ख) कार्यक्रम सम्बन्धी प्राविधिक पृष्ठपोषण ।

ग) कार्यक्रमको अनुगमन,मूल्याङकन तथा उपलब्धी कम्पाईलेसन ।

**६.२ प्रदेश सरकार**

क) कार्यक्रमको अनुगमन तथा मूल्याङकन गर्ने ।

ख) कार्यक्रम संचालन गर्ने दौरानमा आईपरेका समस्याहरुको समाधानको पहल गर्ने ।

ग) संघीय सरकार एंव स्थानीय तहसँग समन्वय ।

घ) अनुदान दुरुपयोग निरुत्साहित गर्ने ।

**६.३ स्थानीय तह**

क) कार्यक्रम विस्तृतिकरण तथा स्थानीय स्तरमा कार्यक्रम संचालन गर्ने ।

ख) क्षेत्र छनौट तथा अनुदानग्राही छनौटको कार्यको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्ने ।

ग) संचालित कार्यक्रमको नियमित अनुगमन गरी कार्यान्वयनमा बाधा व्यवधान आईपरेका समाधानका लागि राष्ट्रिय आलु,तरकारी,तथा मसलाबाली विकास केन्द्रमा पठाउने ।

घ) सशर्त वित्तिय हस्तान्तरण मार्फत कार्यक्रम संचालन हुने सम्बन्धमा स्थानीय तहले लागत साझेदारी गर्नुपर्ने भनी संघीय निकायबाट तोकिएकोमा सोही लागत सहभागिता सुनिश्चित गर्ने ।

ङ) तोकिएको ढाँचामा नियमित प्रगति प्रतिवेदन सम्बन्धित केन्द्रमा प्रेषित गर्ने ।

## परिच्छेद ५ विविध

### ७: कार्यक्रम अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन

**क) विवरण प्रकाशन गर्नुपर्ने :**

कार्यक्रम संचलानको लागि छनौट भएको अनुदानग्राही तथा अनुदानग्राहीसँग भएको सम्झौताको विवरण स्थानीय तहले नियमित अध्यावधिक गरी सूचना पाटी र वेभसाइमा प्रकाशन गर्नेछ ।

**ख) प्रगति प्रतिवेदन पठाउनु पर्ने :**

अ) कार्यक्रम संचालन भएका प्रदेश स्थानीय तहहरुले चौमासिक एंव वार्षिक प्रगति विवरण राष्ट्रिय आलु,तरकारी तथा मसलाबाली विकास केन्द्रमा पठाउनुपर्नेछ । यस बाहेक समय समयमा माग भए बमोजिमको प्रगति तथा अन्य विवरण समेत पठाउनुपर्नेछ ।

आ) कार्यकम्रको नियमित प्रतिवेदन पेश नगर्ने प्रदेश तथा स्थानीय तहलाई आगामी आ.व.मा कार्यक्रम संचालनका लागि बजेट उपलब्ध गराईने छैन ।

**ग) अनुगमन र मूल्याङकन :** कार्यक्रमको अनुगमन संघीय,प्रादेशिक तथा स्थानीय तहका सम्बन्धित निकायहरुबाट संयुक्त वा आवश्यकता अनुसार छुटटाछुटटै हुन सक्नेछन । यसरी भएको अनुगमनको क्रममा दिईएको मौखिक वा लिखित निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

**घ)** यस कार्यक्रम संचालन प्रकृया बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाईएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरिनेछ।

# अनुसूची-१

## निवेदनको ढाँचा

मिति २०८.../../..

श्रीमान्,प्रमुख प्रशासकीय अधिकृत ज्यू,
लिसंखु पाखर गाउँपालिका,
अक्तरपुर,सिन्धुपाल्चोक,

विषय : प्रस्ताव पेश गरिएको सम्वन्धमा ।

महोदय,

लिसंखु पाखर गाउँपालिकाको मिति २०८../...../..... गतेको प्रकाशित सुचना अनुसार म/हामी तपसिल अनुसारको विवरण भएका कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फर्म ले............................ कार्यक्रमको लागि तोकिएको ढाँचामा प्रस्तावना भरी यसै साथ पेश गरेको/गरेका छु/छौं

आवेदकको नाम :
आवेदकको दस्तखत :
मिति :
सम्पर्क नं.

# अनुसूची-२

## आवश्यक कागजातहरु

१. प्रस्तावकको निवेदन

२. नागरिकता प्रमाण पत्रको प्रतिलिपी

३. वडा कार्यालयको सिफारिस

४. जग्गाधनी पुर्जाको प्रतिलिपी वा करार सम्झौता

५. समुह सहकारीको हकमा कर चुक्ताको प्रतिलिपि

६. व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपी

७. अनुसूची ३ बमोजिमको प्रस्तावको ढाँचा

# अनुसूची-३

## बाली योजना

**खेति गर्ने तरकारी बालीको नामहरु :**
**जात/भेराईटी :**
**ठेगाना :**
**उत्पादन योजना १,२,३,..........रो**

| क.सं. | उत्पादन गर्ने बस्त/तरकारी बालीको नाम | क्षेत्रफल/रो | उत्पादन परिणाम | औषत मुल्य/के.जी. | जम्मा रकम रु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**उत्पादन प्रकृया कार्यतालिका :**

| क.सं. | क्रियाकलाप | बैशाख | जेष्ठ | अषढ | श्रावण | भदौ | असोज | कार्तिक | मंसिर | पौष | माघ | फल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बिऊ खरिद | | | | | | | | | | | | |
| २ | नर्सरी राख्ने | | | | | | | | | | | | |
| ३ | पहिलो/दोस्रो खनजोत | | | | | | | | | | | | |
| ४ | कम्पोष्ट मल | | | | | | | | | | | | |
| ५ | बेर्ना सार्ने/मल्चीङ गर्ने | | | | | | | | | | | | |
| ६ | सिँचाई गर्ने | | | | | | | | | | | | |
| ७ | उकेर लगाउने | | | | | | | | | | | | |
| ८ | गोडमेल गर्ने | | | | | | | | | | | | |
| ९ | भण्डारण गर्ने/बिक्री वितण | | | | | | | | | | | | |

**चालु पुँजीको बिवरण : प्रति बाली/ रो**

| क.स | कच्चा पदार्थ/सामाग्रीको नाम | ईकाई | परिमाण | दररेट रु | जम्मा मुल्य |
|---|---|---|---|---|---|
| १ | कम्पोष्ट मल | डोको | | | |
| २ | यूरिया | के.जी. | | | |
| ३ | डि.ए.पी. | के.जी. | | | |
| ४ | पोटास | के.जी. | | | |
| ६ | सूक्ष्म खाद्यतत्व........................... | के.जी/मि.लि/बट्टा | | | |
| ७ | बिषादी......................... | के.जी/मि.लि/बट्टा | | | |
| | जम्मा | | | | |

**श्रम/प्रति बाली :**

| क.सं. | श्रमको बिबरण | दिन | परिमाण | दर रु | जम्मा |
|---|---|---|---|---|---|
| १ | कामदार(ज्यामी) | | | | |
| २ | | | | | |

**अन्य खर्चहरु**

| क.सं. | खर्चको बिवरण | ईकाई | परिमाण | दर रु | जम्मा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

**पुँजीको सारांस/प्रति बाली**

| क.सं. | खर्चको बिवरण | खर्च रु |
|---|---|---|
| १ | चालु पँजी बिवरण | |
| २ | श्रमको बिबरण | |
| ३ | अन्य खर्च भार | |

**नाफा नोक्सान बिश्लेषण :**

| **क्र.सं.** | **बिबरण** | **जम्मा रु** |
|---|---|---|
| १ | जम्मा आम्दानी | |
| २ | कुल खर्च | |
| ३ | नाफा | |

**सिँचाईको अबस्था**
**:**..................................................................................................................

| **प्रस्ताब पेश गर्नेको तर्फबाट :** | **कार्यालयको तर्फबाट :** |
|---|---|
| नाम : | नाम : |
| ठेगाना : | ठेगाना : |
| फोन नं. | फोन नं. |
| हस्ताक्षर : | हस्ताक्षर : |
| मिती : | मिती : |

## तरकारी खेतीको लागि आवश्यक पर्ने सामाग्रीहरु :

१. कार्यक्रम संचालनका लागि प्रस्तावित कियाकलापहरु

| क.सं | प्रस्तावित कियाकलापहरु | परिमाण | दर रु. | जम्मा लागत रु. | प्रस्तावित अनुदान रु. | निजी लगानी रु. | अन्य निकाय रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| | | | | | | | | |

२.प्रस्तावित कार्यक्रमबाट प्राप्त हुने अनुमानित उपलब्धीहरु केके हुन ?

क)

ख)

ग)

फर्मको नाम/समूहको नाम :
फर्मको नाम/समूहको छाप :
ठेगाना :
निवेदकको नाम :
पद :
सम्पर्क नं :
हस्ताक्षर :

# अनुसूची-४

## छनौटका मापदण्डहरु :

| क.सं | सूचाङ्काका आधारहरु | अधिकतम सम्भाव्य अङ्क | प्राप्ताङक | कैफियत |
|---|---|---|---|---|
| **१.** | **प्रस्तावित योजनाले समेटने जग्गाको क्षेत्रफल संख्या** | **२०** | | |
| क. | ३ रो.देखि ४ रो. सम्म तरकारी खेती | १० | | |
| ख. | ४ रो. देखि ५ रो.सम्म तरकारी बालीको क्षेत्रफल भए | १५ | | |
| ग. | ५ भन्दा माथि तरकारी बालीको क्षेत्रफल भए | २० | | |
| **२.** | **सामाजिक एंव लैङ्गिक सहभागिता(महिला)** | **१०** | | |
| क. | तरकारी बालीमा अप्रत्यक्ष रुपमा महिला संलग्न भएमा | ५ | | |
| ख. | तरकारी बालीमा प्रत्यक्ष रुपमा महिला संलग्न भएमा | १० | | |
| **३.** | **फर्मको व्यवसायिक योजना सहित प्रस्ताव पेश गरेमा** | **२०** | | |
| **४.** | **प्रस्तावित तरकारी बालीको भौगोलिक एंव प्राविधिक उपयुक्तता** | **२०** | | |
| क. | कलष्टर निर्माण गर्न सकिने भए | १० | | |
| ख. | सिँचाईको सुविधा | ५ | | |
| ग. | कार्यक्रम संचालन स्थलमा सडक तथा बिजुली भए | ५ | | |
| **५.** | **प्रस्तावको आवश्यक कागजातको प्रकिया पूरा भएको** | **५** | | |

| | | | | |
|---|---|---|---|---|
| **६** | **समान प्रकृतिको अनुदान सहयोगको पहुँच नभएका** | **१०** | | |
| क. | हालसम्म कुनै पनि निकायबाट अनुदान नपाएको भए | १० | | |
| ख. | सोही प्रकृतिकका कार्यक्रममा अनुदान नपाएको भए | ५ | | |
| ग. | विगत ३ वर्षभित्र सोही प्रकृतिका कार्यक्रममा अनुदान नपाएको भए | ३ | | |
| **७.** | **आवेदकको संस्थागत क्षमता तथा कार्य अनुभव** | **१०** | | |
| क. | फर्म दर्ता भएको २ वर्ष सम्म भएमा | ४ | | |
| ख. | फर्म दर्ता भएको ३ देखि ५ वर्ष भएमा | ७ | | |
| ग. | फर्म दर्ता भएको ५ वर्ष भन्दा बढी भएमा | १० | | |
| **८.** | **प्राङगारिक तरकारी खेती गर्दै आएको भए** | **५** | | |
| | | १०० | | |

# अनुसूची-५

## चौमासिक/बार्षिक प्रतिवेदन

कार्यक्रमको नाम :

कार्यक्रम संचालन गर्ने निकायको नाम :

आ.व. :

१)कार्यालय कार्यान्वयन अवस्था :

| क.सं. | प्रतिवेदन अवधिमा संचालन भएको कार्यहरु | हाल सम्मको कार्यक्रम कार्यान्वयन अवस्था |
|---|---|---|
| | | |
| | | |

२) कार्यक्रमको प्रतिफल(छनौट भएका क्लस्टर,लाभग्राही कार्यक्रम संचालन भएको क्षेत्रफल बाली उत्पादन रोजगारी सिर्जना आदि)

१.

२.

३.

४.

**३ कार्यक्रम/बजेट कार्यान्वयनको अवस्था**

| क.सं. | बार्षिक विनियोजन | प्रतिवेदन अवधिको खर्च | हालसम्मको खर्च | बार्षिक विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

४. कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या तथा सुझावहरु :

**आज्ञाले**
**( मंगल बहादुर बिष्ट)**
**प्रमुख प्रशासकीय अधिकृत**